# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
## National Natural Resources and Fiscal Commission


प. सः ०७५/७६
च. नं. / Ref: ४९

मितिः २०७५/०५/०३

श्री महानगरपालिका, सबै,
श्री उपमहानगरपालिका, सबै,
श्री नगरपालिका, सबै,
श्री, गाँउपालिका, सबै।

बिषयः **विवरण उपलब्ध गराइदिने सम्बन्धमा।**

नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ङ) मा *संघ, प्रदेश र स्थानीय सरकारको खर्च जिममेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरूको सिफारिस गर्ने* काम, कर्तव्य र अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने व्यवस्था रहेको अवगतै छ। त्यस्तै, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (१) को खण्ड (च) मा *नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले लगाउने करका सम्बन्धमा आवश्यक सुझाव दिने* आयोगको काम, कर्तव्य र अधिकार हुने व्यवस्था गरिएको छ। संविधान र कानुनले तोकेका यी जिम्मेवारी पूरा गर्ने सन्दर्भमा आयोगले सबै तहका सरकारहरूले चालु आर्थिक वर्षमा प्रस्ताव गरेका कर र गैरकर राजस्वका क्षेत्र र दरहरूका बारेमा अध्ययन गरिरहेको छ। यसै सम्बन्धमा संघीय संसदको अर्थ समितिबाट मिति २०७५/०४/२९मा तीन तहका सरकारबाट लगाइएका करका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न निर्देशित गरिएको छ। यसका साथै स्थानीय तहमा संघ र प्रदेशबाट हुने वित्तीय समानीकरण अनुदान सिफारिसलाई स्थानीय तहको खर्च आवश्यकता सम्बोधन गर्ने गरी यथार्थपरक बनाउन आयोगले अध्ययन समेत गरिरहेको छ। यसै परिप्रेक्षमा तहाँ स्थानीय सरकारबाट पारित भएको आर्थिक वर्ष २०७५/७६ को वार्षिक बजेट तथा कार्यक्रम, विनियोजन ऐन (अनुसूची समेत), आर्थीक ऐन (अनुसूची समेत) को विद्युतीय प्रति यस आयोगको इमेल ठेगाना info@nnrfc.gov.np मा मिति २०७५।०५।०५ भित्र प्राप्त हुनेगरी प्रेषित गरिदिनुहुन आदेशानुसर अनुरोध गर्दछु।

(अनिता पौडेल)
उप-सचिव

बोधार्थः श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार (सबै स्थानीय तहमा जानकारीका लागि तहाँको वेबसाईटमा प्रकाशन गरिदिने व्यवस्थाका लागि।)